# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

खण्ड ७ संख्या ०८ मिति २०८०।०६।२१

# भाग २

**शारदा नगरपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको लागी प्रकाशन गरीएको छ ।**

सामुदायिक विद्यालयहरुमा शिक्षक (बालविकास, आधारभूत र माध्यमिक ), कर्मचारीहरुको दरबन्दी कायम तथा मिलान, काज सरुवा एवम् कामकाजमा खटाउने सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः- २०८०।०६।२१
प्रमाणिकण मितिः२०८०।०६।२५

## प्रस्तावना

नेपालको संविधान २०७२ मा उल्लेखित भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ र सोहि संविधानको अनुसूची ८ मा स्थानीयतहलाई प्राप्त " स्थानीय तहको अधिकारको सूचि " एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७५ 'ज' तथा यसकै बूँदा नम्वर ११ को सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलानको भावना अनुसार सामुदायिक विद्यालयका बालविकास शिक्षक, विद्यालयका कर्मचारी र शिक्षकहरुको दरबन्दी कायम तथा मिलान, काज सरुवा एवम् कामकाजमा खटाउनका लागि शारदा नगरपालिका, सल्यानले शारदा नगरपालिकाभित्र हाल सञ्चालनमा रहेका ५७ वटा सामुदायिक विद्यालयहरुमा पठनपाठन गर्ने शिक्षकहरु, विद्यालयका कर्मचारी र बालविकास शिक्षकहरुको उचित व्यवस्थापनका लागि विद्यालयहरुमा विद्यार्थी संख्या, शिक्षक दरबन्दी संख्या कमी भएका विद्यालयहरुलाई प्राथमिकताका क्रममा राखेर "सामुदायिक विद्यालयकाका बालविकास शिक्षक, विद्यालय कर्मचारी र शिक्षकहरुको दरबन्दी कायम, काज सरुवा तथा कामकाजमा खटाउने सम्बन्धी कार्यविधि २०८० " तयार गरिएको छ।

## परिच्छेद- १

**१ संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नामः- "सामुदायिक विद्यालयहरुमा शिक्षक (बालविकास, आधारभूत र माध्यमिक ), कर्मचारीहरुको दरबन्दी कायम तथा मिलान, काज सरुवा एवम् कामकाजमा खटाउने सम्बन्धी कार्यविधि, २०८०"

१.२ यो कार्यविधि शारदा नगरपालिका सल्यान अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुका शिक्षकहरु , प्रारम्भिक बालविकास शिक्षकहरु र विद्यालय कर्मचारीहरुको प्रयोजनका लागि लागू हुनेछ र यो कार्यविधि स्वीकृत भएपश्चात आवश्यकता अनुसार शारदा नगर नगरकार्यपालिकाले लागु गर्नेछ।

**२ परिभाषा र व्याख्या :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

२.१ "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरि अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झन पर्दछ ।

२.२ "आधारभूत तह " भन्नाले कक्षा१ देखी कक्षा ८ सम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

२.३ "माध्यमिक तह" भन्नाले कक्षा ९ देखी कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

२.४ "शिक्षक" भन्नाले प्रारम्भिक बालविकास तह देखि माध्यमिक तहसम्मको विद्यालयको अध्यापक र प्रधानाध्यापक समेतलाई सम्झनु पर्दछ ।

२.५ " प्रारम्भिक बालविकास शिक्षक " भन्नाले विद्यालयहरुमा नेपाल सरकारबाट मासिक तलव पाउने गरी नियुक्त पाइ कार्यरत शिक्षक तथा - विद्यालयको मातहतमा रहने गरी संचालित सामुदायिक बालविकास केन्द्रहरुमा नेपाल सरकारबाट मासिक तलव पाउने गरी नियुक्त अध्यापनरत महिला शिक्षकलाई सम्झनु पर्दछ ।

२.६ "वडा शिक्षा समिति" भन्नाले शारदा नगरपालिकाको स्थानिय शिक्षा ऐन २०७६ को दफा १९ मा उल्लेखित समितिलाई सम्झनु पर्दछ ।

२. ७ "शिक्षा समिति" भन्नाले शारदा नगरपालिकाको विद्यमान "नगर शिक्षा समिति" सम्झनु पर्दछ ।

२.८ "पुल दरबन्दी" भन्नाले नगरपालिका भित्र कुनै पनि विद्यालयमा यसै कार्यविधि अनुसार बचत हुनआउने दरबन्दी सम्झिनु पर्छ ।

## परिच्छेद- २

## दरबन्दी मिलानका उद्धेश्यहरु

२.१ " सामुदायिक विद्यालयकाका बालविकास शिक्षक, विद्यालय कर्मचारी र शिक्षकहरुको दरबन्दी कायम, काज सरुवा तथा कामकाजमा खटाउनुका उद्धेश्यहरु :

क) सामुदायिक विद्यालयका विद्यार्थीहरुको पठनपाठन सुधार गरी सिकाइ उपलब्धी वृद्धि गर्ने ।

ख) विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दी वितरण तथा कायम गर्ने ।

ग)	सबै तहका विद्यालयहरुमा न्यायोचित शिक्षक दरबन्दी पुर्नव्यवस्थापन कायम गर्ने।

घ)	१ जना पनि शिक्षक दरबन्दी  नभएका सामुदायिक प्राथमिक विद्यालयहरुमा वढी शिक्षक दरबन्दी भएका विद्यालयहरुबाट शिक्षक पदस्थापन,  काज सरुवा वा कामकाजमा खटाउने।

ङ)	१ जनाभन्दा बढी बालविकास शिक्षकहरु कुनै विद्यालयहरुको मातहतमा रहेको भए विद्यालयबाट आवश्यकता अनुसार बालविकास शिक्षकको पद वा दरबन्दी  कटौति गरी बालविकास शिक्षक शुन्य भएको सामुदायिक विद्यालयहरुमा बालविकास शिक्षक  पदस्थापन, काज सरुवा वा कामकाजमा खटाउने।

च)	१ जना पनि विद्यालय कर्मचारी नभएका सामुदायिक विद्यालयहरुमा बढी विद्यालय कर्मचारी भएका विद्यालयहरुबाट विद्यालय कर्मचारीलाइ पदस्थापना सरुवा र काज वा कामकाजमा खटाउने।

छ)	एउटै विद्यालयमा आधरभूत तह (कक्षा १-५ ) मा पुल दरबन्दीमा रहेका शिक्षकहरुलाई सोही विद्यालयको माथिल्लो तहमा शिक्षक संख्या कमी भएको अवस्थामा शैक्षिक योग्यता र विषयगत मिलान गरी सोही विद्यालयमा पदस्थापन वा कामकाजमा खटाउने।

## परिच्छेद ३
## शिक्षक व्यवस्थापनका आधारहरु

३.१ प्रारम्भिक बालविकास कक्षा

३.१.१ प्रत्येक विद्यालयमा १ जना बालविकास शिक्षक अनिवार्य रुपमा व्यवस्थापन गर्नुपर्ने

३.१.२ विद्यार्थी संख्या २०-४० सम्म भएको अवस्थामा एक जना शिक्षक थप गर्न सकिने।

३.२ आधारभूत तह कक्षा (१-३)

३.२.१ आधारभूत तह (कक्षा१-३) मा २ जना शिक्षक दरबन्दी (स्वीकृत / राहत) अनिवार्य रुपमा हुनुपर्ने

३.२.२ ३५ जना भन्दा बढी विद्यार्थी भएमा एक जना शिक्षक दरबन्दी (स्वीकृत / राहत) थप गर्न सकिने।

३.३ आधारभूत तह कक्षा (१-५

३.३.१ आधारभूत तह १-५ मा ३ जना शिक्षक दरबन्दी (स्वीकृत / राहत) अनिवार्य रुपमा हुनुपर्ने।

३.३.२ ६० जना भन्दा बढी विद्यार्थी भएमा प्रति शिक्षक ४० जना विद्यार्थी संख्याका दरले शिक्षक दरबन्दी (स्वीकृत / राहत) थप गर्न सकिने।

३.४ आधारभूत तह कक्षा (६-८)

३.४.१ आधारभूत तह ६-८ विषयगत रुपमा अंग्रेजी, गणित/ विज्ञान र नेपाली गरी ३ जना शिक्षक दरबन्दी (स्वीकृत / राहत) अनिवार्य हुनुपर्ने।

३.४.२ विद्यार्थी संख्या १२० भन्दा माथि भएको अवस्थामा प्रति शिक्षक विद्यालयमा ४० जना विद्यार्थी पर्ने गरी शिक्षक दरबन्दी (स्वीकृत / राहत) थप गर्न सकिने।

३.५ माध्यमिक तह (९-१२)

३.५.१ विषयगत रुपमा अंग्रेजी, गणित, विज्ञान , नेपाली र सामाजिक गरी ५ जना शिक्षक दरबन्दी (स्वीकृत / राहत) अनिवार्य हुनुपर्ने।

३.५.२ विद्यार्थी संख्या २०० भन्दा माथि भएको अवस्थामा प्रति शिक्षक दरबन्दी (स्वीकृत / राहत) ४० जना विद्यार्थी पर्ने गरी शिक्षक थप गर्न सकिने

३.६ प्राथमिक तहको दरबन्दीलाई विषयगत र शैक्षिक योग्यताका आधारमा माथिल्लो तहमा समायोजन गर्नका लागि प्राथमिकता दिन सकिने।

३.७ शिक्षक दरबन्दी थपघट हुँदा आधारभूत तह (कक्षा १-५) मा शिक्षा ऐन तथा नियमावली अनुसार महिला शिक्षकको दरबन्दीमा महिला शिक्षक व्यवस्थापन समेत गर्ने गरी दरबन्दी मिलान गर्ने वा कामकाजमा खटाउने।

३.८ एक विद्यालयबाट अर्को विद्यालयमा दरबन्दी मिलान, पदस्थापना, काज वा कामकाजमा खटाउदा माथि उल्लेखित विद्यार्थी संख्यालाई आधार मानेर आधारभूत तह (कक्षा १-५) मा कार्यरत सबै प्रकारका शिक्षकहरुको दरबन्दी मिलान, पदस्थापना गर्ने, काज वा कामकाजमा खटाउने ब्यवस्था मिलाउने।

३.९ दरबन्दी मिलान, पदस्थापन, काज सरुवा तथा कामकाजमा शिक्षकहरुलाई अर्को विद्यालयमा खटाउदा सकभर मिलेसम्म सबै प्रकारका शिक्षकहरुलाई घरपायक पर्ने गरेर ब्यवस्थापन गर्ने र अपाङ्ग तथा महिला शिक्षकहरुलाई विशेष प्राथमिकता दिने। साथै एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षकको काज वा कामकाजमा खटाउदा पछिल्लो मितिमा नियूक्ति पाएका शिक्षकहरुलाई क्रमशः खटाउदै जाने।

३.१० स्वइच्छीक रुपमा जान चाहने शिक्षकको लागि निवेदन आहावन गरी प्राप्त निवेदनको छानविन गरी उपयुक्तता समेत हररी खटाउन सकिने छ।

तर, यसरी शिक्षक खटाउदा महिला र अपाङ्ग शिक्षकहरुलाई यथाशक्य घरपाएक पर्ने गरी खटाउने।

## परिच्छेद ४

## विद्यालय मर्ज गर्ने तथा कक्षा घटाउने आधारहरु

४.१ आधारभूत तह सञ्चालन भएका विद्यालयहरु कक्षा (१-३,१-५,१-८) का माथिल्लो कक्षामा प्रति कक्षामा १० जना भन्दा कम विद्यार्थी संख्या भएमा विद्यालयको कक्षा घटाइ सो विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाइ नजिकको विद्यालयमा पठाउन सकिने।

४.२ कक्षा घटाउदा अर्को विद्यालय सम्म पुग्नको लागि कक्षा ४-५ को विद्यार्थीहरुको लागि ३० मिनेट सम्म र ६-८ कक्षाका विद्यार्थीहरुको लागि ४५ मिनेट देखी १ घण्टा सम्म लाग्ने समयलाई मध्यनजर गरी कक्षा घटाउन सकिने।

४.३ विद्यालयको स्थापना भएको तर आवश्यक विद्यार्थी संख्या नभइ शिक्षक मात्र रहेको अवस्थामा उक्त विद्यालयलाई नजिकको अर्को विद्यालयमा गाभी पठनपाठनको व्यवस्थापन मिलाउन सकिनेछ।

## परिच्छेद - ५

## कार्यविधि कार्यान्वयन हुने सम्बन्धमा

५.१ यो कार्यविधि शारदा नगर नगरकार्यपालिकाको कार्यपालिकाले स्वीकृति गरे पश्चात लागू तथा कार्यान्वयन गर्न सक्नेछ।

## परिच्छेद - ६

## हाजिर हुन जाने सम्बन्धमा

६.१ एक विद्यालयबाट अर्को विद्यालयमा पदस्थापन, काज वा कामकाजको क्रममा खटाइएका बाहेक सबै तहका शिक्षक, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरु एक हप्ताभित्र तोकिएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनुपर्नेछ।

## परिच्छेद- ७

## हाजिर भए नभएका जानकारी दिने सम्बन्धमा

७.१ एक विद्यालयबाट अर्को विद्यालयमा पदस्थापन, काज वा कामकाजको क्रममा खटाइएका सवै तहका शिक्षक, बाल विकास शिक्षक, तथा विद्यालय कर्मचारीहरु एक हप्ताभित्र तोकिएको विद्यालयमा हाजिर भए नभएको बारे सम्बन्धित विद्यालयको प्रधानाध्यापकले सरुवा गरिएको मितिले १५ दिनभित्र शारदा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा जानकारी दिनुपर्नेछ।

## परिच्छेद -८

## सजाय सम्बन्धी व्यवस्था

८.१ एक विद्यालयबाट अर्को विद्यालयमा पदस्थापना, काज वा कामकाजको क्रममा खटाइएका सबै तहका शिक्षक, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरुले शारदा नगरपालिका नगर शिक्षा समितिको निर्णय विपरित कुनै पनि कामकाज गरे गराईएको तथा दोषी प्रमाणित हुन गएमा प्रचलित ऐन, नियमावली अनुसार आवश्यक कार्वाही प्रक्रिया अघि बढाईनेछ।

## परिच्छेद ९

## विविध

९.१ एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षक पदस्थापन, काज वा कामकाजको क्रममा पालिकाको अनुदानमा खटाइएका सबै तहका शिक्षक, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरुले आफ्नो पदमा बहाल रहेको मितिदेखि शारदा नगरपालिकाबाट तोकिए बमोजिमको तलवभत्ता प्राप्त गर्ने छन्।

९.२ एक विद्यालयबाट अर्को विद्यालयमा पदस्थापन, काज वा कामकाजको क्रममा खटाइएका सबै तहका शिक्षक, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरु तोकिएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनुका साथै आ-आफ्नो पदीय उत्तरदायित्व तथा जिम्मेवारी पूरा गर्नुपर्ने छ।

९.३ बाझिएमा अमान्य हुने: यस कार्य विधिको कुनै व्यवस्था प्रचलित कानुन संग वाझिएमा बाझिएको हद सम्म कार्यविधिको व्यवस्था अमान्य हुने छ।

९.४ बचाउ तथा खारेजी : शारदा नगरपालिका नगर शिक्षा समितिबाट कुनै पनि तहका शिक्षक, बालविकास सहयोगी कार्यकता तथा विद्यालय कर्मचारीहरुको पदस्थापना, काज वा कामकाजमा खटाइएको प्रचलनमा रहेको शिक्षा ऐन, नियमावलीले गरे सरह मानिनेछ र सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ता, करर्मचारी र शिक्षकहरुको सरुवा, पदसस्थापन,दरबन्दी काज तथा मिलान, सरुवा, काज सरुवा एवम् कामकाजमा खटाउने सम्बन्धी कार्यविधि, २०७५ खारेजि भएको छ।

**आज्ञाले**
**लिलाधर ववाल**
**नि.प्रमुख प्रशासकीय अधिकृत**